**आकाशवाणी समाचार- नेपाली**

**मितिः २७ अगष्ट २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फ्रेन्समार्फत खेलो इन्डिया संवादलाई सम्बोधन गर्नुहुनेछ।

- गृह तथा सहकारिता मन्त्री अमित शाह आज गुजरात भ्रमणमा रहनुहुनेछ ।

- सरकारले आगामी महिनाहरूमा पर्याप्त उपलब्धता सुनिश्चित गर्न र मौसमी मूल्यको दबाबलाई कम गर्न सरकारले बफर स्टकबाट प्याजको आपूर्ति गर्ने लक्ष्य राखेको छ।

- नेपालको मध्य नेपालमा हिज आएको विनाशकारी बाढमा परी १६० जनाको मृत्यु हुनुका साथै १३३ भारतीय नागरिकसहित ७५० भन्दा अधिक लापत्ता भएका छन् । प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका प्रधानमन्त्री बालेन्द्र शाहसँग बातचीत गर्नुहुदै नेपाललाई हरसम्भव मानवीय सहयोग पुर्याउने आश्वासन दिनुभएको छ।

- सिक्किमका ग्रान्डमास्टर त्रिलोक सुब्बाले ताइक्वांडो पूमसे चैंपियनशिप मा भारतको प्रतिनिधित्व गर्नेछन्।

**प्रधानमंत्री खेलो इंडिया संवाद**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फ्रेन्समार्फत खेलो इन्डिया संवादलाई सम्बोधन गर्नुहुनेछ। राष्ट्रिय खेलदिवस 2026 उत्सवको एक भागको रूपमा माई युवा भारत - माई इन्डिया द्वारा आयोजित, यो कार्यक्रम युवाहरूको सहभागितामा राज्य र केन्द्र शासित प्रदेशहरूको प्रत्येक जिल्लाका दुई कलेजहरूमा देशभरि आयोजना गरिनेछ। यसले खेल, युवा नेतृत्व, नागरिक उत्तरदायित्व, स्वयंसेवा, फिटनेस र राष्ट्र निर्माणका लागि साझा मञ्च प्रदान गर्नेछ । यसले युवाहरूलाई देशको खेल महत्वाकांक्षासँग प्रत्यक्ष रूपमा जोड्ने अवसर दिनेछ।

**गृह एवं सहकारिता मंत्री - गुजरात**

गृह तथा सहकारिता मन्त्री अमित शाह आज गुजरात भ्रमणमा रहनुहुनेछ । उहाँले गुजरात विद्यापीठको ७२औँ दीक्षांत समारोहमा भाग लिनुहुनेछ र अहमदाबादमा आयोजना हुने आगामी ओलम्पिक र राष्ट्रमण्डल खेलहरूको तयारीको समीक्षा बैठकको अध्यक्षता गर्नुहुनेछ।

1-Byte अमित शाह

**सरकार -प्याज**

सरकारले आगामी महिनाहरूमा पर्याप्त उपलब्धता सुनिश्चित गर्न र मौसमी मूल्यको दबाबलाई कम गर्न सरकारले बफर स्टकबाट प्याजको आपूर्ति गर्ने लक्ष्य राखेको छ। उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले बर्ष २०२५–२६ का लागि ३०७ लाख मेट्रिक टनभन्दा अधिक उत्पादन हुने अनुमान गरिएकाले आगामी महिनाहरूमा घरेलु माग पूरा गर्न प्याजको उपलब्धता पर्याप्त रहेको बताएको छ । मन्त्रालयले अझ भनेको छ, उत्पादनको अनुकूल सम्भावनालाई ध्यानमा राख्दै, सरकारले बर्ष २०२६-२७ को लागि मूल्य स्थिरीकरण कोष बफरको लागि २ लाख मेट्रिक टन रबी प्याज खरिद गर्ने लक्ष्य राखेको छ। १५ मई देखि खरिद प्रक्रिया सुरु भएको छ र बफरका लागि लगभग १.२१ लाख मेट्रिक टन प्याज खरिद गरिएको छ। राष्ट्रिय

सहकारी उपभोक्ता संघ र राष्ट्रिय कृषि सहकारी विपणन संघको, खुद्रा आउटलेटहरू, सफल र केन्द्रीय भण्डारका आउटलेटहरूमार्फत प्याज प्रतिकिलो ३५ रुपियाँका दरले बिक्री गरिने मन्त्रालयले जनाएको छ।

**नया नेपाल-बाढ़**

नेपालको मध्य नेपालमा हिज आएको विनाशकारी बाढमा परी १६० जनाको मृत्यु हुनुका साथै १३३ भारतीय नागरिकसहित ७५० भन्दा अधिक लापत्ता भएका छन्। तिब्बतबाट आएको बाढले कैयौँ शहर र गाउँहरू तहसनहस पारेको छ भने , महत्वपूर्ण पुलहरू बगाएको र एक दर्जन जलविद्युत् परियोजनाहरू ठप्प भएको छ। नेपालका विदेशमंत्री शिशिर खनालले स्थानीय समयअनुसार बिहान ८ बजेर ३७ मिनटमा तिब्बतमा आएको भूकम्पको तीन मिनेटपछि ठूलो बाढ आएको बताउनु भएको छ । भूकम्पको कम्पनका कारण हिमशिला फुटेर आपदा आएको अनुमान गरिएको छ।नेपाल पुलिसले सामाजिक मीडिया पोस्ट पोष्टमा बाढका कारण १५७ जनाको मृत्यु भएको र लगभग ५ सय जना लापत्ता भएको पुस्टि गरेको छ। चीनको सरकारी च्यानलले तीन व्यक्तिको मृत्यु भएको र २६५ जना लापत्ता भएको जनाएको छ।

2-Byte नेपाल

**नेपाल - कोलकाता - मानसरोवर तीर्थयात्रा**

नेपाल यात्रामा गएको कोलकाताको ३२ जना मानिस लापत्ता भएका छन्। उनीहरु मानसरोवर यात्राका लागि एक ट्राभल एजेन्सीले आयोजना गरेको समूहमा गएका थिए। बुधबार बिहान नेपाल–तिब्बत सीमा पार गर्ने भनिएको टोली अचानक आएको बाढका कारण सम्पर्कविहीन भएको बताइएको छ ।

**प्रधानमंत्री नरेंद्र मोदी - नेपाली समकक्ष बालेंद्र शाह**

प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका प्रधानमन्त्री बालेन्द्र शाहसँग बातचीत गर्नुहुदै नेपाललाई हरसम्भव मानवीय सहयोग पुर्याउने आश्वासन दिनुभएको छ । भारतले नेपाललाई मानवीय सहायता र आपदा रतात सामाग्री को साथ्मा आवश्यक दबाईको दस टन सामग्री पठाएको छ जसमा अस्थायी आश्रय, कम्बल, स्वच्छता किट, सोलार बत्ती समावेश छ ।विदेशमन्त्री डा. एस जयशंकरले सामाजिक सञ्जाल पोष्टमा भारत यस चुनौतीको अघि नेपाल र नेपाली जनताको साथमा रहेको बताउनु भएको छ ।

**गृह मंत्री अमित शाह - नेपाल - बिहार - उत्तर प्रदेश -मुख्यमंत्री**

गृहमन्त्री अमित शाहले नेपालमा आएको बाढ़लाई ध्यानमा राख्दै बिहार र उत्तर प्रदेशका मुख्यमन्त्रीहरुसँग बातचीत गर्नुभएको छ । सामाजिक सञ्जालमा पोस्टमा श्री शाहले बाढबाट प्रभावित हुन सक्ने सीमावर्ती क्षेत्रमा स्थानीय प्रशासन, राहत एवं उद्धार टोलीका साथै राष्ट्रिय सुरक्षा बललाई उच्च सतर्कतामा राखिएको बताउनु भएको छ। उहाले नेपालमा बाढले भएको विनास निकै भयावह रहेको भन्दै यस सङ्कटको घडीमा भारत सरकार नेपालको साथमा रहेको बताउनु भएको छ ।

**भारत - चीन - सीमा**

भारत र चीनले सीमा क्षेत्रमा शान्ति र स्थिरता कायम गर्ने महत्त्वमाथी जोड दिएका छन्। यसले द्विपक्षीय सम्बन्धको विकास र प्रगतिलाई बढावा दिने दुवै पक्षले बताएका छन्। राष्ट्रीय सुरक्षा सलाहकार अजीत डोभाल र चीनका विदेशमन्त्री वाङ यीले भारत–चीन सीमा मुद्दाबारे २५ औँ चरणको विशेष प्रतिनिधिको वार्ताको सहअध्यक्षता गर्नुभयो । विदेश मन्त्रालयले दुई देशबीचको सीमा विवादबारे विस्तृत चर्चा भएको जनाएको छ। यसका साथै सीमा विवादको राजनीतिक समाधानका लागि निरन्तर काम गर्ने सहमति पनि भएको छ। दुवै पक्षले कैलाश मानसरोवर यात्राको स्वागत गरेका छन् र तीन निर्दिष्ट सीमा व्यापार मार्गहरू सहित जनस्तरको सम्पर्क बढाएका छन्।

**सड़क परिवहन एवं राजमार्ग मंत्री**

सडक परिवहन एवम् राजमार्ग मन्त्री नितिन गडकरीले मिजोरममा ६ सडक निर्माणका लागि २५६ करोड़ ७० लाख रुपियाँ स्वीकृत गर्ने घोषणा गर्नुभएको छ I श्री गडकरीले यी सडकहरूको कुल लम्बाइ 82.89 किलोमिटर हुनेछ र यी केन्द्रीय सडक बुनियादी ढाचा बिकास योजना अन्तर्गत निर्माण गरिने बताउनु भएको छ। केन्द्रीय मन्त्री श्री गडकरीले भन्नुभयो, देशभरि

सडक निर्माणले विकासलाई गति दिइरहेको छ। दुर्गम र कम जोडिएका क्षेत्रहरूमा सम्पर्क सुधार गर्ने प्रयासहरू भइरहेका छन्, जसले गर्दा त्यहाँका जनताले पनि विकासको लाभ लिन सकून्। सडक सम्पर्क विस्तार हुँदा रोजगारका अवसरहरू बढ्नुका साथै शिक्षा, व्यापार, स्वास्थ्य सेवा र जीवनस्तरमा सुधार ल्याउनेछ।

**सिक्किम ग्रैंड मास्टर**

सिक्किमका ग्रान्डमास्टर त्रिलोक सुब्बाले ताइक्वांडो पूमसे चैंपियनशिप मा भारतको प्रतिनिधित्व गर्नेछन्।

3-Byte -त्रिलोक सुब्बा

**पीएसए बुडापेस्ट स्क्वैश ओपन -वीर चोटरानी और वेलवन सेंथिलकुमार**

वीर छोटरानी र वेल्भन सेन्थिलकुमार पीएसए बुडापेस्ट स्क्वास ओपनको सेमिफाइनलमा प्रवेश गरेका छन्। विरले क्वाटरफाइनलमा मिश्रका मोहम्मद अल शेरबिनीलाई ३–१ ले हराए जबकी वेल्वान सेन्थिलकुमारले मलेसियाका ऐन यु एनजीलाई ३–० ले हराए। सेमिफाइनलमा आज भारतका यी दुई खेलाडी आमनेसामने हुनेछन्।

**मौसम**

मौसम विभागले आगामी दुई दिन बिहार, छत्तिसगढ, झारखण्ड, केरला, माहे, पश्चिम बंगालको तराई र पूर्वोत्तर भारतमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ। विभागका वरिष्ठ वैज्ञानिक डा. नरेश यादवका अनुसार न्यून दबाब क्षेत्र बनेकाले आज दक्षिण उत्तर प्रदेश र उत्तर पश्चिम मध्य प्रदेशमा भारी वर्षाको सम्भावना रहेको छ। उहाले राष्ट्रिय राजधानी दिल्लीमा पनि आज मध्यम वर्षा हुने सम्भावना व्यक्त गर्नुभएको छ।